# जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको प्रबन्धपत्र (पाचौं संशोधन) २०७२

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको प्रबन्धपत्र, २०६८ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको प्रबन्धपत्रको दफा १३ बमोजिम चौथो वार्षिक साधारण सभाले देहाय बमोजिम संशोधन पारित गरेको छ :

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस संशोधनको नाम "जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको प्रबन्धपत्र (पाचौं संशोधन) २०७२" रहेको छ ।

(२) यो संशोधन कार्यालयमा अभिलेख भएपछि प्रारम्भ हुनेछ ।

२. जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको प्रबन्धपत्र को दफा १ मा संशोधन : जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको प्रबन्धपत्र (यसपछि प्रबन्धपत्र भनिएको) को दफा १ को अन्त्यमा "कम्पनीलाई अंग्रेजीमा Hydroelectricity Investment and Development Company Limited (HIDCL) भनिनेछ" भन्ने वाक्यांश थपिएको छ

३. प्रबन्धपत्रको दफा ४ मा संशोधन : प्रबन्धपत्रको दफा ४ को उपदफा (१) को खण्ड (च) पछि देहायको खण्ड (छ) र (ज) थपिएको छ :

"(छ) आफ्नो स्वामित्वमा सहायक कम्पनी स्थापना गरी जलविद्युत, उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजना लिई लगानीकर्ता जुटाउने ।

(ज) सम्बन्धित निकायको स्वीकृतीमा सामुहिक लगानी कोष स्थापना एवं संचालन गर्ने । "

४. प्रबन्धपत्रको दफा १२ मा संशोधन : प्रबन्धपत्रको दफा १२ को उपदफा (५) को अन्तिम वाक्यांशमा रहेका "कर्मचारी विनियमावली" भन्ने शब्दहरुको सट्टा "कर्मचारी सेवा शर्त विनियमावली" भन्ने शब्दहरु राखिएका छन ।

## जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड
## कम्पनी सञ्चालनका नीतिगत आधारहरु (चौथो संशोधन) २०७२

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड, कम्पनी सञ्चालनका नीतिगत आधारहरुमा संशोधन गर्न वाञ्छनीय भएकोले,

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको चौथो वार्षिक साधारण सभाले देहाय बमोजिम संशोधन पारित गरेको छ :

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस संशोधनको नाम "जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड, कम्पनी सञ्चालनका नीतिगत आधारहरु (चौथो संशोधन) २०७२" रहेको छ ।
(२) यो संशोधन कार्यालयमा अभिलेख भएपछि प्रारम्भ हुनेछ ।

२. जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड, कम्पनी सञ्चालनका नीतिगत आधारहरुको खण्ड (ग) मा संशोधन : जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड, कम्पनी सञ्चालनका नीतिगत आधारहरुको ( यसपछि कम्पनी सञ्चालनका नीतिगत आधारहरु भनिएको) को खण्ड (ग) को बुंदा नं. ५ मा रहेका "कर्मचारी विनियमावली" भन्ने शब्दहरुको सट्टा "कर्मचारी सेवा शर्त विनियमावली" भन्ने शब्दहरु राखिएका छन ।

३. कम्पनी सञ्चालनका नीतिगत आधारहरुको खण्ड (घ) मा संशोधन : कम्पनी सञ्चालनका नीतिगत आधारहरुको खण्ड (घ) को बुंदा नं. ४ को अन्तिम वाक्यांशमा रहेको "प्रतिस्पर्धा" भन्ने शब्द पछि "कम्पनीको स्वीकृत दरवन्दीको पदमा" भन्ने शब्दहरु थपिएका छन ।

४. कम्पनी सञ्चालनका नीतिगत आधारहरुको खण्ड (छ) मा संशोधन : कम्पनी सञ्चालनका नीतिगत आधारहरुको खण्ड (छ) को,-
(१) बुंदा नं. २ मा रहेको "नेपाल राष्ट्र बैकबाट" भन्ने शब्दहरुको सट्टा "प्रचलित कानुन बमोजिमका नियमनकारी निकायबाट" भन्ने शब्दहरु राखिएका छन ।
(२) बुंदा नं. ३ को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "गरिएको भएमा" भन्ने शब्दहरुपछि "वा आफैले प्रवर्द्धन गरेको सहायक कम्पनीद्वारा विकास गरिने परियोजना भएमा" भन्ने शब्दहरु थपिएका छन ।
(३) बुंदा नं. ५ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :
तर कम्पनी आफैले प्रवर्द्धन गरेको परियोजनामा लगानी गर्ने सम्बन्धमा यो व्यवस्था लागू हुनेछैन ।
(४) बुंदा नं. ८ पछि देहायको बुंदा नं. ९. थपिएको छ :
"९. कम्पनीले कुनै पनि सार्वजनीक कम्पनीले नीर्माण गर्ने आयोजनामा प्रवाह गरेको ऋण रकमको सम्पूर्ण अंश वा केही अंश आयोजना सम्पन्न भई सञ्चालनमा आएपछि शेयरमा परिणत (Mezzanine Financing) गर्न सक्नेछ ।"

# जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको (पाचौं संशोधन) नियमावली २०७२

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको नियमावली, २०६८ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको नियमावली, २०६८ को नियम १३ बमोजिम चौथो वार्षिक साधारण सभाले देहाय बमोजिम संशोधन पारित गरेको छ :

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस संशोधनको नाम "जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको (पाचौं संशोधन) नियमावली, २०७२" रहेको छ ।
(२) यो संशोधन कार्यालयमा अभिलेख भएपछि प्रारम्भ हुनेछ ।

२. जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको नियमावली, २०६८ को नियम १ मा संशोधन : जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको नियमावली, २०६८ (यसपछि नियमावली भनिएको) को दफा १ को अन्त्यमा "कम्पनीलाई अंग्रेजीमा Hydroelectricity Investment and Development Company Limited (HIDCL) भनिनेछ" भन्ने वाक्यांश थपिएको छ

३. नियमावलीको नियम २७ मा संशोधन : नियमावलीको नियम २७ को उपनियम (२) को खण्ड (ग) को "स्वतन्त्र सञ्चालक (चार्टर्ड एकाउण्टेण्ट वा वित्त विश्लेषक वा व्यवस्थापन विज्ञ)" भन्ने शब्दहरुको सट्टा "स्वतन्त्र व्यावसायिक सञ्चालक (चार्टर्ड एकाउण्टेण्ट वा वित्त विश्लेषक वा व्यवस्थापन विज्ञ)" तथा खण्ड (ग) को "व्यावसायिक (जलविद्युत विशेषज्ञ) सञ्चालक" भन्ने शब्दहरुको सट्टा "स्वतन्त्र व्यावसायिक सञ्चालक (जलविद्युत विशेषज्ञ)" राखिएका छन ।

४. नियमावलीको नियम २८ मा संशोधन : नियमावलीको नियम २८ को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "स्वतन्त्र सञ्चालक, विशेषज्ञ सञ्चालक" भन्ने शब्दहरुको सट्टा "स्वतन्त्र व्यावसायिक सञ्चालकहरु" भन्ने शब्दहरु राखिएका छन ।

५. नियमावलीको नियम २९ मा संशोधन : नियमावलीको नियम २९ को ठाउँ ठाउँमा रहेका "स्वतन्त्र र व्यावसायिक सञ्चालक" भन्ने शब्दहरुको सट्टा "स्वतन्त्र व्यावसायिक सञ्चालक" भन्ने शब्दहरु र "स्वतन्त्र वा व्यावसायिक सञ्चालक" भन्ने शब्दहरुको सट्टा "स्वतन्त्र व्यावसायिक सञ्चालकहरु" भन्ने शब्दहरु राखिएका छन ।

६. नियमावलीको नियम ३३ मा संशोधन : नियमावलीको नियम ३३ को उपनियम (२) मा रहेका "कर्मचारी सम्बन्धी विनियमावली" भन्ने शब्दहरुको सट्टा "कर्मचारी सेवा शर्त विनियमावली" भन्ने शब्दहरु राखिएका छन ।

७. नियमावलीको नियम ३६मा संशोधन : नियमावलीको नियम ३६ को -
(१) उपनियम (२) को खण्ड (ख) मा रहेका "कम्पनी कानुनमा" भन्ने शब्दहरु पछि "प्रथम श्रेणीमा" भन्ने शब्दहरु थपिएका छन ।

८. <u>नियमावलीको नियम ४९ मा संशोधन</u> : नियमावलीको नियम ४९ को उपनियम (५) को,-

(१) खण्ड (क) मा रहेका "बैंकिङ्ग विषयमा कम्तीमा" भन्ने शब्दहरुपछि "प्रथम श्रेणीमा" भन्ने शब्दहरु थपिएका छन ।

(२) खण्ड (ख) मा रहेका "इन्जिनियरिङ्गं विषयमा कम्तीमा" भन्ने शब्दहरुपछि "प्रथम श्रेणीमा" भन्ने शब्दहरु थपिएका छन ।